आमचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बालुवा, भोजपुर

१ नं. प्रदेश, नेपाल

सुचना नं: ९४

**किसान सुचिकरण सहजकर्ता आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७९/०२/०५**

प्रस्तुत विषयमा यस आमचोक गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक स्विकृत संघिय शसर्त अनुदानबाट कृषि विकास रणनिती अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत किसान सुचिकरण कार्यक्रमको किसान परीवारको व्यक्तीगत तथा कृषि तथ्याङ्क संकलनको लागी तपशिलको पदमा प्रारम्भिक योग्यताक्रमको आधारमा छनौट गरी छोटो अवधिको सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका आमचोक गाउँपालिका भित्रका ईच्छुक नागरीकहरुले यो सुचना प्रकाशित मितिले ७ दिनभित्र यस गाउँपालिकाको कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिन्छ ।

तपशिल

| सेवा समुह/पद | माग पद संख्या | सेवा अवधि |
|---|---|---|
| किसान सुचिकरण सहजकर्ता | १० जना (प्रत्येक वडामा १ जना रहने गरी) | वडा भित्र किसान सुचिकरण कार्यक्रम अवधिभर |

१. सेवाको किसिम - करार सेवा
२. योग्यता र अनुभव
   - कम्तिमा कक्षा १२ वा सोसरह उत्तिर्ण गरेको ।
   - Android Smart Phone, Laptop वा Tablet चलाउन सक्ने ।
   - Internet चलाउन सक्ने ।
   - कृषि तथा पशु सेवा विषय पढेकाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
३. छनौटको किसिम – प्रारम्भिक योग्यताक्रमको आधारमा हुने (सम्बन्धित वडामा वडाकै उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ ) ।
४. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु –
   - किसान सूचिकरण सहजकर्ता कार्यक्रममा सहभागी हुन पाऊँ व्यहोराको निवेदन ।
   - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५. सेवा सुविधा – किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम । **(प्रतिघर रु. ७५ का दरले)**
६. दरखास्त दिने अन्तिम मितिः- २०७९/०२/११ गते कार्यालय समय भित्र वा सो दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।

**नोटः**- गणकले आफैं मोबाइलको व्यवस्था गर्नुपर्नेछ र मोबाईलमा कम्तिमा 3 GB RAM र 64 GB Internal Memory भएको फोन हुनुपर्नेछ ।

.................

सञ्जय राज तामाङ्ग

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**